# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सं. ०८०।८१
च.नं. ६८४

मिति: २०८०/०७/१७

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

**श्री शाखाहरू (सबै)**
**श्री वडा कार्यालय (सबै)**
बेनी नगरपालिका, म्याग्दी ।

उपरोक्तसम्बन्धमा नगर कार्यपालिकाको मिति २०८०/०६/३० गतेका निर्णयहरू यसैसाथ संलग्न छन् । निर्णयहरू जानकारी लिनुभई आआफ्नो कार्यक्षेत्रभित्र पर्ने निर्णयहरू कार्यान्वयनको लागि प्रवन्ध मिलाउनुहुन अनुरोध छ ।

सादर अवगतार्थ
श्री प्रमुखज्यू, बेनी नगरपालिका ।
श्री उपप्रमुखज्यू, बेनी नगरपालिका ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

(पुनश्च: निर्णयप्रति www.benimun.gov.np मा समेत हेर्न र पढ्न सकिनेछ)

बेनी नगरपालिका, म्याग्दी
नगर कार्यपालिकाको बैठक
२०८०।०६।३०

**निर्णयहरू**

१. बेनी नगरपालिका, नगर कार्यपालिकाको गत बैठकले गरेका निर्णयहरूको समीक्षा गरियो । नगर कार्यपालिकाको कार्यालयले गत भदौ महीनामा गरेका सबै भुक्तानीहरूलाई अनुमोदन गर्ने ।

२. २०८० सालको बडा दशैं, तिहार तथा अन्य चाडपर्वहरूको पूर्वसन्ध्यामा नगरपालिकाको तर्फबाट शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गर्ने । सो कार्यका लागि देहायबमोजिमको कार्यक्रम संयोजन समिति गठन गर्ने ।

देहाय

शुभकामना आदानप्रदान संयोजन समितिको गठन विवरण

a. श्री रमेशकुमार श्रेष्ठ- प्रवक्ता संयोजक
b. श्री उत्तमकुमार कर्मचार्य- वडा अध्यक्ष सदस्य
c. श्री युवराज थापा- अधिकृत सातौं सदस्य सचिव

३. बेनी नगरपालिका वडा नं. ४ सिंगामा निर्माणसम्पन्न भएको कोल्डस्टोरको प्राविधिकको बीलबमोजिमको रकम रू.१३९०८३०६/६३ निर्माण कम्पनी श्री राजेशबाबु निर्माण सेवा लाई भुक्तानी दिनेगरी स्वीकृत गर्ने । उल्लिखित बमोजिमको अन्तिम बीलबमोजिमको रकममध्ये मोबलाईजेशन र रनिङ बील भुक्तानी भईसकेको रकम रू. ८३१०९४५ घटाइ सो कम्पनीलाई बाँकी रकम रू. ४९९७३६० आजैका निर्णय बमोजिम अन्तिम भुक्तानी गर्ने र सोधभर्नाको लागि नेपाल सरकार अर्थ मन्त्रालयमा लेखी पठाउने ।

४. यसवर्षको वर्षायाममा वडास्तरमा सडक सरसफाई तथा पहिरो पन्छाउनेसमेत विपद्जन्य व्यवस्थापनमा सम्बन्धित वडाअध्यक्षबाट प्रमाणित भई आएको र प्राविधिक शाखाबाट बील तयार भएको रकम रू. २५५८४७३ सरसफाई कार्यमा सरिक फर्म श्री श्रमजीवी निर्माण सेवा लाई भुक्तानी गर्ने ।

५. यस वर्षको चाडपर्वहरूको पूर्व सन्ध्यामा कारागार कार्यालयल, म्याग्दीमा रहेका कैदीबन्दिहरूलाई चाडपर्व मनाउनको लागि यसै दशैमा रू. ३००००/- बराबर नगदै वा सो रकम बराबरको खसी वोका उपलब्ध गराउने ।

६. म्याग्दी जेसीजले आयोजना गरेको क्षेत्र “ख” सम्मेलनको आयोजनाको लागि चालू आर्थिक वर्षमा विनियोजन भएको बजेटमध्येबाटै सो संस्थाले माग गरेको रकम रूपैया तीन लाख भुक्तानी गर्ने ।

७. आप्रवासी केन्द्र सञ्चालनको लागि तलबभत्ता वापत रू. एकलाख जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने ।

८. यसै कार्यालयमा कार्यरत सहायकस्तर पाँचौं तहका वडा सचिव श्री राजाराम शर्माको कार्यरत नै रहँदा मृत्यु भएकाले निजको सञ्चित विदा, औषधोपचार तथा उपदानवापत हुने कूल रकम कार्यालयले हिसाव गरी बेनी नगरपालिकाको कर्मचारी कल्याण कोषबाट हकवालालाई भुक्तानी दिने । कल्याण

सुरत के.सी.
नगर प्रमुख

कोषमा रकम अपुग रहेमा हालको लागि अपुग रकम सञ्चित कोषबाट जम्मा गरी भुक्तानी दिने । रकम भुक्तानी गर्दा प्रचलित कानूनले तोकेभन्दा बढी नहुनेगरी गर्ने ।

९. आर्थिक वर्ष ०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संलग्न सूचीबमोजिमका आयोजनाहरू स्वीकृत गरी कार्यान्वयन प्रकृया थालनी गर्ने ।

१०. मृगौंलाको प्रत्यारोपण गरेका/ डायलाइसिस गराइरहेका/ क्यान्सर रोगी/ मेरूदण्ड पक्षघात भएका व्यक्तिहरूलाई मासिक औषधी उपचार वापत उपलब्ध गराउने कार्यविधि, २०७८ बमोजिम यस नगरपालिका अन्तर्गत रहेका उल्लिखित बमोजिमका दीर्घरोगीहरूको लागि नेपाल सरकारबाट पछि सोधभर्ना हुनेगरी हाललाई स्वास्थ्य शाखाबाट पेश भएबमोजिम रोगीहरूको व्यक्तिगत बैंक खातामा चालू आर्थिक वर्षको प्रथम तीन महिनाको जम्मा रू. ७५५०००/- भुक्तानी गर्ने ।

११. जिल्ला खेलकूद विकास समिति म्याग्दीलाई म्याट खरिद गरेवापत अधिकतम् रूपैयाँ दुई लाख भुक्तानी गर्ने ।

१२. यस नगरपालिका अन्तर्गत रहेका सबै वडाहरूमा चालू आर्थिक वर्षको बजेटबाट कार्यान्वयन हुनेगरी नमूना परियोजना निर्माण गर्नको लागि सम्बन्धित वडाबाट प्राथमिकता निर्धारण गरेबमोजिम हालको लागि एक एक वटा परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।

-0-

बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बेनी, म्याग्दी, गण्डकी प्रदेश, नेपाल, २०७३

सुरेत के.सी.
नगर प्रमुख